# रणनीतिक योजना (२०२५-२०३०)

The Freedom Fund



नेपालभरिका राष्ट्रिय हरुवा-चरुवा अधिकार मञ्चका सदस्यहरू राष्ट्रिय स्तरको बैठकमा सहभागी हुनुहुँदै ।
©निरञ्जन श्रेष्ठ/दि फ्रिडम फन्ड

# परिचय











सन् २०२४ मा हामीले आधुनिक दासत्व अन्त्यका लागि गरिएको दश वर्षको साझा प्रयासको स्मरण गर्‍यौँ – यस क्रममा हाम्रा अग्रपङ्क्तिका साझेदारहरूको साहसिक कार्यको प्रशंसा गर्दै अझै गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरूको बारेमा पनि विमर्श गर्‍यौँ । यो नयाँ सोच र पुनर्विचारको लागि उपयुक्त समय थियो । एक वर्षको अवधिमा हामीले हाम्रा कर्मचारी, बोर्ड सदस्य, अनुदान पाएका साझेदार, अग्रपङ्क्तिका नेतृत्वकर्ता, अनुभवी विज्ञ, हाम्रा दाता तथा अन्य साझेदार संस्थाहरूसँग फ्रिडम फन्ड (स्वतन्त्रता कोष) को आगामी यात्रा कस्तो हुनुपर्छ भन्ने विषयमा सल्लाह गर्‍यौँ ।

करोडौँ मानिसहरू बढ्दो शोषणको जोखिममा रहेको वास्तविकतालाई मनन गर्दै, हामी यो प्रक्रियाबाट नयाँ स्पष्टता र उत्साहका साथ अघि बढेका छौं। अहिलेसम्म सिकेका कुराहरूलाई आधार मानेर, हाम्रो २०२५-२०३० को रणनीतिमा अग्रपङ्क्तिका संस्था र आन्दोलनहरूमा लगानी गर्ने नयाँ लक्ष्य, परिवर्तनको सिद्धान्त र साँचो सहकार्यप्रति हाम्रो प्रतिबद्धता देखाउने मूल्यहरू समावेश गरेका छौं। यसले आगामी छ वर्षका लागि ठोस रणनीतिक प्राथमिकताहरू प्रस्तुत गरेको छ। साथै हामीले प्रगति कसरी नाप्ने र हाम्रा साझेदारहरूलाई राम्रोसँग सहयोग गर्न तथा अग्रपङ्क्तिमा आर्थिक सहायता पुऱ्याउनका लागि गर्नुपर्ने मुख्य परिवर्तनहरूको रूपरेखा पनि यसमा समावेश गरिएको छ।

अन्ततः यो रणनीति केवल आन्तरिक मार्गदर्शन दस्तावेज मात्र होइन, यो हाम्रा अग्रपङ्क्तिका साझेदारहरू र दासत्व विरुद्धको व्यापक क्षेत्रप्रति को  पुनः प्रतिबद्धता पनि हो।

फोटोहरू, माथिदेखि तलसम्म: फ्रिडम फन्डको ब्राजिल हटस्पट कार्यक्रममा सहभागी किशोर किशोरी र पेसाकर्मीहरूको प्रमाणपत्र वितरण समारोह ©नताल्या कोरिया/दि फ्रिडम फन्ड; सन् २०२३ मा फ्लाभियन माइशा गर्ल्स सेफ हाउसमा फ्रिडम फन्ड परियोजना अन्तरगत सामेल भइन् र त्यसपछि अहिले एक ब्युटी पार्लरमा रोजगारी पाएकी छिन् © मेलानी हाग्रीभ्स/दि फ्रिडम फन्ड; दोमानीले फ्रिडम फन्डबाट प्राप्त बीउ पुँजीबाट आफ्नो किराना व्यवसाय सुरु गरिन् र फ्रिडम फन्डको साझेदार जनचेतना दलित सङ्गमद्वारा सञ्चालित बचत समूहको सदस्य छिन् © इभा ज्यु/दि फ्रिडम फन्ड; फ्रिडम फन्डको साझेदार स्टेला मारिसद्वारा माछा मार्ने मानिसहरूलाई प्रदान गरिएको प्राथमिक उपचार तालिम © ओभरग्रोन प्रोडक्सन्स/दि फ्रिडम फन्ड

# हामीलाई थाहा भएका तथ्यहरू

## दासत्व अझै पनि अस्तित्वमा छ

अनुमानित ५ करोड मानिसहरू आधुनिक दासत्वमा बाँचिरहेका छन्। आधुनिक दासत्व शब्दले व्यापक कुराहरू समेट्छ । जस्तै - मानव बेचबिखन, बन्धक तथा जबरजस्ती श्रम, बाल श्रमका निकृष्ट रुपहरू, व्यावसायिक यौन शोषण, जबरजस्ती विवाह र घरेलु दासत्व जस्ता विभिन्न प्रकारका चरम शोषणलाई जनाउँछ। ती ५ करोड मध्ये एक तिहाइ मानिसहरू निजी क्षेत्रको आपूर्ति सम्बन्धी क्रियाकलापका क्रममा शोषित भएका छन्। करिब एक चौथाइ मानिसहरू फ्रिडम फन्डका हालका केन्द्रित देशहरू - बङ्गलादेश, ब्राजिल, इथियोपिया, इन्डोनेसिया, केन्या, म्यानमार, नेपाल र नाइजेरियामा बस्छन्। महिला, बालबालिका र प्रवासी कामदारहरू असमानुपातिक रूपमा प्रभावित छन्। आधुनिक दासत्व मानव अधिकारको मौलिक उल्लङ्घन हो, जुन विभिन्न र अन्तर सम्बन्धित राजनीतिक, आर्थिक र वातावरणीय सङ्कटहरूबाट बढेको छ। यो विश्वका धेरै भागहरूमा बढ्दै गइरहेको छ, र संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्यमा निर्धारित गरिए अनुसार सन् २०३० सम्ममा आधुनिक दासत्व अन्त्य गर्ने प्रतिबद्धतामा विश्व समुदाय निकै पछाडि परेको छ।

## अग्रपङ्क्तिका संस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

गहिरो जरा गाडेका र अन्यायपूर्ण प्रणालीहरूलाई सबैभन्दा प्रभावकारी रूपमा प्रभावित व्यक्तिहरू र उनीहरूले नेतृत्व गर्ने र विश्वास गर्ने संस्थाहरूले नै भत्काउन सक्छन् किनभने उनीहरूले ती प्रणालीहरूलाई राम्रोसँग बुझेका हुन्छन्। दासत्व विरोधी अग्रपङ्क्तिका संस्थाहरू स्थानीय परिवेशमा आधारित छन्, आफूले काम गर्ने समुदायप्रति जबाफदेही छन् र दीर्घकालीन प्रतिबद्धता राख्छन्, तर यस्ता धेरै संस्थाहरू ऐतिहासिक र प्रणालीगत रूपमा कम स्रोत साधनयुक्त रहेका छन्। इतिहासले हामीलाई देखाएको छ कि प्रत्यक्ष अनुभव भएका व्यक्तिहरूको नेतृत्व कुनै पनि प्रभावकारी सामाजिक आन्दोलनमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। तर आधुनिक दासत्वबाट प्रभावितहरूले नेतृत्व गरेका संस्थाहरूले ठुलो बहिष्करण र लगानीको अभाव खेप्नु परेको छ। अग्रपङ्क्तिका र प्रभावितहरूद्वारा नेतृत्व गरिएका संस्थाहरूसँग एक दशकको साझेदारीको अनुभवले हामीलाई यो देखाएको छ - जब यी संस्थाहरूलाई पर्याप्त आर्थिक सहायता, सहयोग र सञ्जालीकरण गरिन्छ, तब तिनीहरूले धेरै हासिल गर्न सक्छन् ।

## दासत्व विरुद्धका अग्रपङ्क्तिका संस्थाहरूलाई यो समयमा हाम्रो सहयोगको आवश्यकता छ

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार, "जबरजस्ती श्रम विरुद्धको कार्यमा लगानी अहिलेको तत्काल आवश्यकता हो।" हालैको एक प्रतिवेदनले जबरजस्ती श्रम अन्त्य गर्न लाग्ने खर्च २१२ अरब डलर रहेको र यो बढ्दै गएको अनुमान गरेको छ। यसका बाबजुद, परोपकारी र सरकारी लगानी निकै अपर्याप्त छ। उच्च आय भएका देशका दाताहरूसम्म आधुनिक दासत्वको अग्रपङ्क्तिमा रहेकाहरूको पहुँच अझै धेरै हदसम्म पुग्न सकेको छैन। साथै, झन्झटिला अनुदान सम्बन्धी सर्तहरूले प्रायः संस्थाहरूको स्वतन्त्रता र प्रभावकारितालाई कमजोर पार्छन्। गैर-आर्थिक सहयोग उपयोगी हुन सके पनि, अन्ततः संस्थाहरूले स्पष्ट पारेका छन् - उनीहरूको मुख्य आवश्यकता भनेको लचिलो, दीर्घकालीन अनुदान नै हो। दासत्व विरुद्धको आन्दोलन निर्माणका लागि विशेष रूपमा संरक्षित र सुनिश्चित वातावरण नबनाउँदा, स्रोतहरूका लागि प्रतिस्पर्धा र विश्वासको कमीले प्रणालीगत परिवर्तनका लागि आवश्यक सहकार्यमा बाधा पुऱ्याउँछ। यस्तो प्रणालीगत परिवर्तनले मात्र दासत्व प्रथालाई हटाउन सक्छ।

## फ्रिडम फन्ड अग्रपङ्क्तिका दासत्व विरोधी संस्था र आन्दोलनहरूलाई अनुदान दिन, एकत्रित गर्न र सहयोग गर्न उपयुक्त स्थानमा छ

आधुनिक दासत्व अन्त्य गर्ने अग्रपङ्क्तिका प्रयासहरूलाई सहयोग गर्न समर्पित एक सहकार्यात्मक कोषको रूपमा, हामीले एउटा महत्त्वपूर्ण दुरी मेट्ने गर्छौं: हाम्रा साझेदारहरूको पहुँचभन्दा धेरै टाढा रहेको अनुदान जुटाएर त्यसलाई केन्द्रीकृत लगानीमा रूपान्तरण गर्दछौँ, जसले उनीहरूको कार्यलाई प्रोत्साहन गर्छ र व्यापक स्तरमा प्रणालीगत परिवर्तनलाई सशक्त बनाउँछ । प्रभावकारी, स्थानीय नेतृत्वमा सञ्चालित दासत्व विरोधी कार्यक्रमहरू पहिचान गर्ने र अनुदान दिने सम्बन्धमा कुन कुराले काम गर्छ (र कुन कुराले काम गर्दैन) भन्ने हामीले सिकेका छौं। प्रभावित समुदायहरूलाई सधैँ अग्रपङ्क्तिमा राख्दै र शक्तिशाली आन्दोलनहरूको विकासलाई सम्भव बनाउने सहकार्यात्मक संरचनामा लगानी गर्दै, हामीले सहकार्य प्रवर्द्धन गर्ने एक विशिष्ट क्षमता विकसित गरेका छौं। हामी पहिले भन्दा बढी स्पष्ट, दृढ र केन्द्रित भएर अर्को चरणमा अघि बढिरहेका छौँ ।

# हाम्रा मूल्य र मान्यताहरू



## सम्मान

हामी दासत्वबाट सबैभन्दा प्रत्यक्ष रूपमा प्रभावित भएकाहरूको ज्ञान र नेतृत्वलाई महत्त्व दिन्छौँ

हामी हामीभन्दा पहिले र हामीसँगै काम गर्नेहरूलाई स्वीकार गर्छौँ

हामी एक अर्कालाई चुनौतीहरू पार गर्न सहयोग गर्छौँ र सफलताको श्रेय आपसमा बाँड्छौँ

हामी कहिल्यै बिर्सिँदैनौँ कि दाताहरूले हामीलाई वास्तविक परिवर्तन ल्याउँछन् भन्ने विश्वास गरेर आर्थिक सहायता गरेका छन् ।



## उत्कृष्टता

हामी लगानी गरेको कोषबाट सम्भव भएसम्म ठुलो प्रभाव खोज्छौँ

हामी उपलब्ध यथार्थ प्रमाणका आधारमा सबैभन्दा प्रभावकारी सहायता तथा हस्तक्षेपहरूमा लगानी गर्छौँ

हामी निरन्तर अरूका कुरा सुन्न र आफ्ना गल्तीहरूबाट सिक्न प्रयास गर्छौँ

हामी विवरणहरूमा ध्यान दिन्छौँ




## साहस

हामी दासत्व अन्त्य गर्ने लडाइँको अग्रपङ्क्तिमा रहेकाहरूसँग एकजुट भएर उभिन्छौँ

हामी त्यस्ता ठाउँ र मुद्दाहरूमा काम गर्छौँ जहाँ सफलता छिटो वा सजिलो नहुन सक्छ

हामी सोचविचार गरिएको जोखिम लिन डराउँदैनौ

हामी स्पष्ट र सीधा कुरा गर्छौँ



## सहकार्य

हामी विश्वास गर्छौँ कि ठुलो स्तरमा परिवर्तन ल्याउन सहकार्य आवश्यक छ

हामी समुदाय र साझेदारहरूका प्राथमिकताहरूप्रति संवेदनशील छौँ

हामी शक्ति र स्रोतहरू बाँड्दै विनम्रता अभ्यास गर्छौँ

हामी आफ्ना प्रतिबद्धताहरू पूरा गर्छौँ र सक्दो असल साझेदार बन्न प्रयास गर्छौँ

# हाम्रो परिवर्तनको सिद्धान्त

**समस्या**
दासत्व अझै अस्तित्वमा छ। अनुमानित ५ करोड मानिसहरू आज विश्वभर आधुनिक दासत्वमा छन्।

**हाम्रो लक्ष्य**
हामी अग्रपङ्क्तिका संस्था र आन्दोलनहरूमा लगानी गर्छौं ताकि आधुनिक दासत्वको दर उच्च भएका देश र उद्योगहरूमा मापनयोग्य कमी ल्याउन सकियोस्।

अन्तर्दृष्टि
क्रियाकलापहरु
उपलब्धीहरु

## स्रोत परिचालन

आधुनिक दासत्व अन्त्य गर्न प्रयासरत अग्रपङ्क्तिका समूहहरु दीर्घकालीन रुपमा स्रोत-साधनविहीन छन्, र दाताहरूलाई उनीहरु बारे थाहा पाउन र उनीहरूलाई अनुदान दिन कठिनाइ हुन्छ।

हामी विभिन्न रुचि भएका दाताहरूलाई आधुनिक दासत्व अन्त्य गर्ने साझा लक्ष्यमा एकत्रित गर्छौं र अग्रपङ्क्तिका प्रयासहरूलाई सहयोग गर्ने महत्वलाई प्रोत्साहन गर्छौं ।

दासत्व विरोधी क्षेत्रमा राम्रो स्रोत उपलब्ध हुन्छ र दाताहरुले प्रदान गरेको आर्थिक सहयोग उच्च प्रभावका लागि उपयोग गरिन्छ।

## जिम्मेवार व्यापारिक आपूर्ति प्रणाली

व्यवसायहरूलाई आफ्ना आपूर्ति प्रणाली अन्तरगत श्रमिकहरूको शोषण हुन सक्ने व्यवहारहरू परिवर्तन गर्न प्रोत्साहित गर्नुपर्छ।

हामी जिम्मेवार आपूर्ति प्रणालीलाई प्रोत्साहन गर्न अनुसन्धान, वकालत र मुद्दाहरुका लागि अनुदान दिन्छौं र अग्रपङ्क्तिका संस्थाहरूलाई नेतृत्वदायी भूमिका खेल्न सक्षम बनाउँछौं।

व्यवसायहरुले समुदाय र श्रमिकहरुबाट सूचित भएर, आफ्ना आपूर्ति प्रणालीमा रहेको जबरजस्ती श्रमको उन्मूलन गर्न विश्वसनीय कदम चाल्छन्।

## अग्रपङ्क्तिका मुख्य क्षेत्रहरू (हटस्पट)

सीमान्तकृत समुदायहरुसँग नजिक भई काम गर्ने अग्रपङ्क्तिका संस्थाहरू आधुनिक दासत्वका प्रणालीहरूलाई तोड्न सक्ने उचित स्थानमा छन्।

विश्वभरका दासत्वको उच्च दर रहेका हटस्पटहरूमा, हामी स्थानीय र अनुभवी नेतृत्वकर्ताहरुलाई प्राथमिकता दिँदै, अग्रपङ्क्तिका संस्था र आन्दोलनहरूलाई अनुदान दिन्छौं, एकत्रित गर्छौं र सहयोग गर्छौं।

नागरिक समाज शोषणकारी प्रणालीहरूलाई परिवर्तन गरेर, सहकार्यात्मक र दिगो रूपमा आधुनिक दासत्वलाई कम गर्न र रोक्न सक्षम छ।

## अनुसन्धान र ज्ञान आदानप्रदान

तथ्याङ्क र सिकाइहरु बाँड्नाले गर्नाले प्रभावकारी हस्तक्षेपहरुको विकासलाई सक्षम बनाउँछ, जसले थप अनुदान र विश्वव्यापी रुपमा दासत्वको कमीमा बढी योगदान पुऱ्याउँछ।

हाम्रा हटस्पटहरूमा आधुनिक दासत्व अन्त्य गर्न के कुराले काम गर्छ, तथा यसको अवस्था र प्रकृतिका बारेमा कार्यान्वयन योग्य ज्ञान निर्माण र साझा गर्छौं।

दासत्व विरोधी संस्थाहरू, दाताहरू र सरकारहरूले प्रमाणमा आधारित, स्थानीय नेतृत्वमा सञ्चालित अवधारणाहरू अपनाएर बढी प्रभावकारी बन्छन्।

## हाम्रो सङ्कल्प

दासत्वमुक्त विश्व

# हामी कसरी परिवर्तन हुदैछौँ?

## हाम्रो लक्ष्य पूरा गर्न र हाम्रा मूल्यहरूलाई साकार पार्न, हामी:

### 1 अग्रपङ्क्तिको आर्थिक दाताको रूपमा हाम्रो भूमिकालाई स्विकार्दै साझेदारहरूलाई नेतृत्व गर्न थप अवसर दिनेछौँ

फ्रिडम फन्डको प्राथमिक उद्देश्य अग्रपङ्क्तिका दासत्व विरोधी संस्था र आन्दोलनहरूलाई अनुदान दिने, एकत्रित गर्ने र सहयोग गर्ने हो। हाम्रो अनुभवले देखाउँछ कि सबैभन्दा राम्रा समाधानहरू अग्रपङ्क्तिका साझेदारहरूबाट आउँछन् जसलाई नवीन विचार ल्याउन र अनुकूलन गर्न पर्याप्त वातावरण र स्रोतहरू प्रदान गरिएको हुन्छ। हामी आफैले कार्यान्वयन वा निर्देशित गर्ने क्रियाकलापका सट्टा साझेदार संस्थाहरूलाई अनुदान दिने तर्फ हाम्रा स्रोतहरू परिचालन गर्नेछौँ। हामी स्रोतहरू, मार्गदर्शन र हाम्रा सिकाइहरू खुला रूपमा बाँड्ने छौँ, जसले अनुदान पाएका साझेदारहरूको आवश्यकता पूरा गर्न मद्दत गर्ने छ । तर यसो गर्दै गर्दा उनीहरूको रणनीति र कार्यान्वयनमा स्वायत्तताको भने सुनिश्चित गरिनेछ । हामी समानता र शक्ति बाँडफाँडलाई केन्द्रमा राख्ने नयाँ अनुदान प्रदान गर्ने तरिकाहरूका बारे पनि अन्वेषण गर्नेछौं।

### 2 दासत्वको उच्च दर भएका भौगोलिक क्षेत्रहरूमा हाम्रा स्रोतहरू केन्द्रित गर्नेछौँ

हामीले पछिल्लो दशकमा हाम्रा आन्दोलन निर्माण कार्यक्रमहरूबाट प्राप्त सिकाइ र अनुभवहरू समावेश गर्नका लागि हाम्रो हटस्पट मोडेललाई अद्यावधिक र सुधार गरेका छौं। विगतमा, यी कार्यक्रमहरू हाम्रा भौगोलिक रूपमा केन्द्रित हटस्पट कार्यक्रमहरूबाट अलग रूपमा सञ्चालन हुन्थे। हामी फ्रिडम राइजिङ नेतृत्व विकास कार्यक्रमलाई हाम्रा हटस्पटहरूमा एकीकृत गर्नेछौँ, र सर्भाइभर लिडरसिप फन्ड (जुन पहिले हटस्पट र छिमेकी देशहरूमा सञ्चालित थियो) अब हाम्रा हटस्पट देशहरूमा मात्र सञ्चालन हुनेछ। यो एकीकृत मोडेलले हामीलाई हाम्रा हटस्पट देशहरूमा साझेदारहरूलाई अझ व्यापक र ठोस सहयोग प्रदान गर्न सक्षम बनाउनेछ।








फोटोहरू, माथिदेखि तलसम्म: फ्रिडम फन्ड साझेदार इन्डोनेसिया ओसन जस्टिस इनिसिएटिभ र मध्य जाभा प्रान्तको सरकारबिच समझदारी पत्रमा हस्ताक्षर ©अर्मिन हरि/दि फ्रिडम फन्ड; साम्रावित, मध्य पूर्वबाट इथियोपिया फर्केकी एक प्रवासी, फ्रिडम फन्ड साझेदार आगर इथियोपियामार्फत खाना पकाउने तालिम लिँदै ©जेनाये एशेटु/दि फ्रिडम फन्ड; राजवती मण्डल, हरुवा-चरुवा अधिकार मञ्चकी केन्द्रीय अध्यक्ष, नेपाल सरकारद्वारा हरुवा-चरुवा जनताको मुक्तिको घोषणा बारे पत्रकारहरूसँग कुरा गर्दै ©निरञ्जन श्रेष्ठ/दि फ्रिडम फन्ड




कारामोजामा युगान्डा हटस्पट कार्यक्रमको सुरुवाती वर्षको लागि उद्घाटन समारोहका साथै नापाक र मोरोटो जिल्लाहरूमा बाल शोषण विरुद्ध परियोजना सुरु गर्दै
©रोबर्ट इलुकोल/दि फ्रिडम फन्ड

## 3 हाम्रो अनुदान प्रदान गर्ने प्रक्रिया र स्रोत परिचालनमा थप लचिलो आर्थिक सहायतालाई प्राथमिकता दिनेछौँ

हामी यो स्वीकार गर्छौँ कि दीर्घकालीन, लचिलो अनुदान - नवीनता, सहकार्य र दिगोपनालाई सहयोग गर्न अत्यन्त महत्त्वपूर्ण हुन्छ। जति सम्भव हुन्छ, हामी बहु वर्षीय, लचिलो अनुदान प्रदान गर्नेछौँ, र हामी अनावश्यक प्रतिबन्धहरू र प्रतिवेदनका आवश्यकताहरू हटाउनेछौं। हामी त्यस्ता दाताहरूसँग सहकार्य गर्न प्राथमिकता दिनेछौँ जसको अनुदान धेरै प्रतिबन्धात्मक छैन । यसै गरी अन्य दातालाई पनि सहायता दिँदा थप लचिलो रूपमा दिन प्रोत्साहित गर्न काम गर्नेछौं।

## 4 थप दिगो र समतापूर्ण आन्तरिक सञ्चालन प्रक्रिया निर्माण गर्नेछौँ

आवश्यक भएका ठाउँमा, हामी कार्यक्रमहरूको एकीकरण र अग्रपङ्क्तिका साझेदारहरूलाई अनुदान दिने तर्फ स्रोत परिचालनमा सहयोग गर्न हाम्रा टोलीहरूको पुनर्गठन गर्नेछौं। हामी हाम्रा कर्मचारीहरूलाई समुदाय र साझेदारहरूको सकेसम्म नजिक राख्ने हाम्रो पुरानै रणनीतिलाई निरन्तर जारी राख्नेछौं।

# हाम्रो आगामी कार्यदिशा

## आगामी छ वर्षमा, हामी:

### 1 आधुनिक दासत्वबाट प्रभावित समुदायहरुमा प्रत्यक्ष प्रभाव पार्नका लागि अनुदान प्रदान गर्नेछौँ

हामी विश्वास गर्छौं कि दीर्घकालमा दासत्वका प्रणालीहरु जरैदेखि उखेल्ने दिशामा काम गर्दै तत्काललाई समुदायहरुको संरक्षण र मुक्तिलाई सहयोग गर्न सम्भव छ। हाम्रा अग्रपङ्क्तिका साझेदारहरूले आफ्ना समुदायका आवश्यकताहरु बुझ्छन्, त्यसैले हामी हाम्रा हटस्पटहरुमा उनीहरुको विभिन्न कार्यहरुलाई अनुदान दिन जारी राख्नेछौँ । यस्ता कार्यक्रमहरुमा शिक्षा र श्रमिक सङ्गठनदेखि लिएर दासत्वबाट बाहिर निस्कन र आफ्नो जीवन पुनर्निर्माण गर्न प्रभावितहरुलाई दिइने सहयोगसम्म पर्छन् । सन् २०३० को अन्त्यसम्ममा, हामीले हाम्रा हटस्पट साझेदारहरुलाई विश्वभरका साढे दुई करोड व्यक्तिहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्न सहयोग गरिसकेका हुनेछौँ । यिनीहरुमा दासत्वमा रहेका र जोखिममा रहेका दुवै समूहका मानिसहरु पर्नेछन् । आठ देशहरुमा हाल सञ्चालित हाम्रा दश हटस्पट कार्यक्रमहरुका अतिरिक्त, हामीले आगामी छ वर्षमा थप तीन वटासम्म सुरु गर्ने योजना बनाएका छौं।

### 2 शक्ति परिवर्तन गर्न प्रणालीगत परिवर्तनलाई प्रोत्साहन गर्नेछौँ

हामी विश्वास गर्छौं कि आधुनिक दासत्व अन्त्य गर्नका लागि सामूहिक शक्ति महत्त्वपूर्ण छ । यस कारण हामी सामुदायिक अभ्यास (कम्युनिटी अफ प्राक्टिस) मार्फत सहकार्यलाई सहज बनाउनेछौँ, जसले ठुलो स्तरको प्रणालीगत परिवर्तनका लागि काम गर्ने विविध स्थानीय सरोकारवालाहरुलाई एकसाथ ल्याउनेछ । हामी आधुनिक दासत्वका अन्तर्निहित कारणहरु समाधान गर्न, दुर्व्यवहारका लागि शक्तिशाली व्यक्तिहरुलाई जबाफदेही बनाउन र नीति तथा सामाजिक मान्यताहरु परिवर्तन गर्न समुदायहरुमा काम गर्ने अग्रपङ्क्तिका संस्थाहरुलाई सहयोग गर्नेछौं। यसमा सरकार र व्यवसायहरुसँग सहकार्य गर्ने र जलवायु परिवर्तन तथा जबरजस्ती आप्रवासन जस्ता अन्तर सम्बन्धित सङ्कटहरु समाधान गर्ने संस्थाहरु पनि समावेश हुनेछन्। हाम्रो जिम्मेवार आपूर्ति प्रणाली क्रियाकलापमार्फत, हामी व्यापारिक संस्थाहरुलाई आफ्ना उत्पादन तथा आपूर्ति प्रणाली हुने जबरजस्ती श्रम लाई पुर्णरुपमा उन्मूलन गर्न प्रोत्साहित गर्न अनुसन्धान, वकालत र रणनीतिक मुद्दाहरुका लागि अनुदान दिनेछौँ र अग्रपङ्क्तिका समूहहरुलाई यी प्रयासहरुको नेतृत्व गर्न सक्षम बनाउनेछौं। सन् २०३० को अन्त्यसम्ममा, फ्रिडम फन्डले सहयोग गरेका साझेदारहरुले २ करोड मानिसहरुलाई शोषण विरुद्ध बलियो प्रतिरोध क्षमता भएका समुदायहरुमा बस्न सक्षम बनाएका हुनेछन् र आधुनिक दासत्वप्रतिको प्रतिक्रियालाई सुदृढ गर्न सरकार, व्यवसाय र समाजलाई प्रभावित पारेका हुनेछन्।

## 3 प्रभावितहरू र समुदायहरूद्वारा नेतृत्व गरिएको नागरिक समाजका संस्था र आन्दोलनहरूको सुदृढीकरणमा लगानी गर्नेछौँ

हामी केवल कार्यक्रमहरूमा मात्र होइन, संस्थाहरूलाई सुदृढ गर्ने प्रणालीमा लगानी गर्छौं। लचिलो अनुदान, दीर्घकालीन सम्बन्ध र हाम्रो संस्थागत क्षमता मूल्याङ्कन टुल जस्ता उपायहरू मार्फत हामी सुदृढ संस्था र अभियान निर्माण गर्न रणनीतिक रूपमा योगदान गर्नेछौं। हामी हटस्पट देशहरूमा हाम्रो सर्भाइभर लिडरसिप फन्डमार्फत दासत्वको प्रत्यक्ष अनुभव भएकाहरूको नेतृत्वलाई प्राथमिकता दिनेछौं। हामी विश्वव्यापी मञ्चहरूमा अग्रपङ्क्तिका नेतृत्वकर्ताहरूको आवाजलाई पनि उठाउनेछौँ, जसले उनीहरूलाई आफ्नो शक्ति र प्रोफाइल निर्माण गर्न सक्षम बनाउँछ। सन् २०३० को अन्त्यसम्ममा, हामीले कम्तीमा ५०० अग्रपङ्क्तिका साझेदारहरूको संस्थागत विकासमा सहयोग गरिसकेका हुनेछौँ, जसमा २०० प्रभावितद्वारा नेतृत्व गरिएका संस्थाहरू समावेश हुनेछन्।

## 4 दासत्व विरोधी क्षेत्रलाई असल अभ्यासहरू अपनाउन प्रोत्साहित गर्नेछौँ

हामी आधुनिक दासत्वलाई एक्लै अन्त्य गर्न सक्दैनौँ। दासत्व अन्त्यको अभियानमा के-कस्ता कार्यक्रमहरूले सफलता दिन्छन् भन्ने प्रमाणित आधार पछिल्लो दशकमा बढेको भए तापनि, प्रभावकारी, स्थानीय नेतृत्वमा सञ्चालित हस्तक्षेपहरूलाई प्रोत्साहन गर्न हामीले थप धेरै काम गर्नु छ। हामी प्रभावितहरू र अग्रपङ्क्तिका संस्थाहरूसँगको साझेदारीमा आधुनिक दासत्वको प्रकृति र स्तरबारे अनुसन्धानमा लगानी गर्नेछौँ, र हाम्रा सिकाइहरू मुख्य दासत्व विरोधी सरोकारवालाहरूसँग बाँड्नेछौ। हामी दासत्व विरोधी संस्थाहरूले कार्यक्रम र अनुसन्धानमा असल अभ्यासहरू अपनाउन सकुन् भनेर सक्रिय रूपमा योगदान पुऱ्याउनेछौं। यसका लागि हामी विभिन्न सञ्चार माध्यमहरूको प्रयोग गर्ने, सम्मेलनहरूको आयोजना गर्ने र हाम्रा साझेदारहरूको उत्कृष्ट कार्यहरूको प्रचार र प्रवर्धन गर्ने काम गर्नेछौं।



## 5 स्रोतहरू परिचालन गर्नेछौँ र अनुदान प्राप्त कर्ता र दाता दुवैका लागि महत्त्वपूर्ण अनुदान साझेदारको रूपमा सेवा गर्नेछौँ

हामीलाई थाहा छ कि शोषण अन्ततः शक्तिको असन्तुलनको बारेमा हो, र परोपकारी रूपमा प्राप्त हुने आर्थिक सहायता पनि अग्रपङ्क्तिका समूहहरूको हातमा रहेको शक्तिको एक रूप नै हो। साझा कोष परिचालनमार्फत, हामी आधुनिक दासत्व अन्त्य गर्ने साझा प्रतिबद्धता भएका दाताहरूलाई एकसाथ ल्याउनेछौं। हामी अग्रपङ्क्तिका दासत्व विरोधी संस्थाहरूका लागि थप र उच्च गुणस्तरीय अनुदानको पक्षमा वकालत गर्न दाता समुदायसँग हाम्रा असल अभ्यासहरूका उदाहरणहरू साझा गर्नेछौं। हामी शोषण र अन्य विश्वव्यापी सङ्कटहरूबिचमा रहेको सम्बन्ध बारेमा पनि जनचेतना फैलाउने छौँ। सन् २०३० को अन्त्यसम्ममा, हामीले ३५० मिलियन डलरको अनुदान प्रतिबद्धता परिचालन गरिसकेका हुनेछौँ।

फोटो: इन्डोनेसियामा प्रभावित नेतृत्व कोष सम्मेलन ©साल्डी अलि/दि फ्रिडम फन्ड

# अन्त्यमा

हामी आधुनिक दासत्व अन्त्य गर्ने प्रतिबद्धतामा अडिग छौं र विश्वभरका त्यस्ता संस्था र दाताहरूसँग साझेदारी गर्न प्रयासरत छौँ जसको परिकल्पना पनि हाम्रो जस्तै रहेको छ । हाम्रो समस्यालाई धेरैले अति ठूलो वा अति जटिल मान्छन्, तर हामीलाई थाहा छ त्यो सत्य होइन। हामीसँग के-कस्ता कामले सफलता दिन्छन् भन्ने प्रमाण छ, परिवर्तनका लागि स्पष्ट आधारहरू छन् र शोषणका प्रणालीहरू भत्काउन सक्षम शक्तिशाली अग्रपङ्क्तिका अभियानहरू छन्।

सँगै मिलेर, हामी दासत्वमुक्त विश्व निर्माण गर्न सक्छौं।







फोटोहरू, माथिदेखि तलसम्म: इन्डोनेसियामा फ्रिडम फण्ड साझेदार SPAN बातुलुबाङ्का समिति सदस्यहरू ©अर्मिन हरी/दि फ्रिडम फण्ड; ब्राजिलको रेसिफेमा राजदरबारसम्म गरिएको र्‍यालीमा सहभागीहरू बालबालिकाको व्यावसायिक यौन शोषण अन्त्य गर्न राज्य सरकारलाई आफ्नो प्रयास बढाउन वकालत गर्दै ©नताल्या कोरिया/दि फ्रिडम फण्ड; उफिम हरुवा-चरुवा समुदायका सदस्यहरू मिलेर बनेको कृषि समूहकी सदस्य हुन्, जसले फलफूल र तरकारी उत्पादन गर्न आफ्ना स्रोतहरू एकत्रित गरी जमिनको एक टुक्रा भाडामा लिएका छन् ©इभा ज्यु/दि फ्रिडम फण्ड

# सरोकारवाला परामर्श कार्यशालाको सारंश

### पृष्ठभूमि

फ्रिडम फण्डले रणनीतिक योजना प्रक्रिया सहजीकरण गर्न आई.जी. एडभाइजर्स (आई.जी.) लाई नियुक्त गऱ्यो। आई.जी. सामाजिक प्रभाव क्षेत्रमा विश्वव्यापी रणनीति परामर्श संस्था हो, जुन सार्वजनिक, निजी र गैर-नाफामूलक संस्थाहरुसँग काम गर्छ। फ्रिडम फण्डको वरिष्ठ नेतृत्व टोली र कर्मचारी संचालन समितिका साथ, आई.जी.ले संस्थाको लागि आगामी यात्रा परिभाषित गर्ने क्रममा एक अत्यन्त सहभागितामूलक प्रक्रिया सह-डिजाइन र सहजीकरण गऱ्यो, जुन सहभागितामुलक, समावेशी र उत्साहजनक थियो।

### प्रक्रिया

यस प्रक्रियामा सन् २०२४ को अवधिमा तीन चरणहरू समावेश थिए:

**सुरुवाती चरण, जसमा प्रमुख सरोकारवाला समूहहरू,** काम गर्ने तरिकाहरू र पद्धतिमा समबुझाइ विकास गरियो ।

**जानकारी संकलन र विश्लेषण चरण,** जसमा प्रमुख सरोकारवाला समूहहरुसँग सहभागितामुलक परामर्श गरियो र यसबाट प्राप्त मुख्य निष्कर्षहरू समेटिएको विश्लेषण प्रतिवेदन तयार गरियो ।

**रणनीति सिर्जना र डिजाइन चरण,** जसमा फ्रिडम फण्डको वरिष्ठ नेतृत्व टोलीसँग डिजाइन कार्यशाला, मस्यौदा लेखन, प्रमुख सरोकारवाला समूहहरूसँग परीक्षण र बोर्डद्वारा समीक्षा र अनुमोदन प्रकृया समावेश थियो।

### सरोकारवाला तथा परामर्श प्रक्रिया

यस प्रक्रियामार्फत परामर्श गरिएका सरोकारवालाहरुसँग विभिन्न दृष्टिकोण तथा अनुभव थियो र वहाँहरुको फ्रिडम फन्डसँग पनि विभिन्न प्रकारको सम्बन्ध रहेको थियो । सर्वेक्षण, अन्तर्वार्ता, समुह छलफल र डेस्क अनुसन्धान जस्ता प्रकृया मार्फत, आई.जी. ले दासत्व विरोधी क्षेत्रको वर्तमान परिवेश र फ्रिडम फण्डको भूमिका, साथै संस्थाको परिवर्तन सिद्धान्त, रणनीतिक प्राथमिकताहरू, कार्यक्रम र लक्ष्यहरू र सञ्चालन सम्बन्धी प्रभावहरुका अनुसन्धान गर्यो ।

हामी यस प्रक्रियाभर परामर्श गरिएका र हाम्रो रणनिति विकास गर्न आवश्यक महत्वपुर्ण जानकारी दिन मद्दत गर्नुहुने सबैप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छौं। यी समूहहरू र प्रयोग गरिएका परामर्श विधिहरू तल सूचीबद्ध गरिएका छन्।

| सरोकारवाला समूह | परामर्श विधिहरू |
|---|---|
| कर्मचारी | अन्तर्वार्ता, सर्वेक्षण, समुह छलफल, प्रत्यक्ष कार्यशालाहरू |
| कार्यसमिति | अन्तर्वार्ता, सर्वेक्षण, समुह छलफल |
| समकक्षी संस्थाका नेतृत्वकर्ता, दाता र अन्य बाह्य सरोकारवालाहरू | अन्तर्वार्ता, डेस्क अनुसन्धान |
| हालका कार्यक्रम क्षेत्रहरूका अनुदान प्राप्त साझेदारहरू | अन्तर्वार्ता, समुह छलफल |
| सामुदायिक सल्लाहकार समूह (अर्को पृष्ठ हेर्नुहोस्) | समुह छलफल |

सबै सरोकारवाला समूहहरू र परामर्श विधिहरुमा, भाषामा पहुँच एक प्रमुख प्राथमिकता थियो। साझेदार संस्थाहरुका लागि तयार गरिएका सर्वेक्षणहरू दश भन्दा बढी भाषाहरुमा अनुवाद गरिएका थिए, र समुह छलफलहरू स्थानीय भाषामा वा दोभाषेमार्फत सहजीकरण गरिएका थिए। सरोकारवालाहरुलाई उनीहरुलाई सबैभन्दा सहज हुने ढाँचामा आफ्नो सुझाव दिन मौखिक र लिखित दुवै सञ्चारका माध्यमहरू प्रयोग गरिएका थिए।

## सामुदायिक सल्लाहकार समूह

सर्वेक्षण र समुह छलफलहरू फ्रिडम फण्डका साझेदारहरू, समुदायका सदस्यहरू र आधुनिक दासत्वको प्रत्यक्ष अनुभव भएका व्यक्तिहरूद्वारा नै सहजीकरण गरिएको भएतापनी, हामीले सामुदायिक सल्लाहकार समूह समेत गठन गर्यौँ । यस समूहका ६ जना सदस्यहरूको भूमिका आधुनिक दासत्व समाधान गर्ने सन्दर्भमा उनीहरू र उनीहरूका समुदायका प्राथमिकताहरूका बारेमा जनकारी तथा अवधारणा प्रदान गर्नु, दासत्व विरोधी क्षेत्रमा फ्रिडम फण्डको भूमिकासँग सम्बन्धित प्रमुख प्रश्नहरूमा प्रमुख उत्तरदाता समितिको भूमिका निर्वाह गर्नु र प्रस्तुतीकरण तथा दस्तावेजहरूको समीक्षा गरी प्रतिक्रिया दिनु थियो। यो समूहले नयाँ रणनीतिले आधुनिक दासत्वबाट सबैभन्दा बढी प्रभावित समुदायहरूलाई केन्द्रमा राख्छ भन्ने सुनिश्चित गर्ने विषयमा ध्यान दिएको थियो। आन्तरिक मनोनयन प्रक्रियामार्फत गठन पश्चात, सदस्यहरूले सन् २०२४ को अवधिमा तीन वटा आधा दिनका कार्यशालाहरूमा भाग लिए। उनीहरूको समयका लागि पारिश्रमिक समेत दिइएको थियो।

हामी समुदायिक सल्लाहकार समूहका सदस्यहरूलाई उनीहरूका योगदानका लागि विशेष धन्यवाद दिन चाहन्छौं:

Ganesh Bahadur BK, Rastriya Dalit Network, Nepal

Jessica Nhkum, Kachin Women's Association Thailand (KWAT)

Iweng Karsiwen, KABAR BUMI, Indonesia

Maurine Ayodi, Baridi kwa Baridi Women CBO - Busia, Kenya

Rosana de França, Coletivo Mulher Vida, Brazil

Yenenesh Tilahun, KASMA Charity Organization, Ethiopia

# समस्या

दासत्व अझै अस्तित्वमा छ। अनुमानित ५ करोड मानिसहरू आज विश्वभर आधुनिक दासत्वमा छन्।

# हाम्रो लक्ष्य

हामी अग्रपङ्क्तिका संस्था र आन्दोलनहरूमा लगानी गर्छौं ताकि आधुनिक दासत्वको दर उच्च भएका देश र उद्योगहरूमा मापनयोग्य कमी ल्याउन सकियोस्।


**The Freedom Fund (UK)**
Lower Ground
Caledonia House
223 Pentonville Rd
London, N1 9NG
+44 20 3777 2200

**The Freedom Fund (US)**
315 Flatbush Avenue
#406
Brooklyn, NY 11217
USA
+1 929 224 2448

www.freedomfund.org
info@freedomfund.org



The Freedom Fund is a United States 501(c)(3) public charity (EIN number 30-0805768). The Freedom Fund UK is a company limited by guarantee registered in England and Wales (company number 08926428) and a registered UK charity (registration number 1158838).